# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

(१ नं. प्रदेश), नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं. : ०७६/०७७
च.नं :

मिति :२०७६।०९।०१

## बेरोजगार सूची निर्धारण तथा प्राथमिकिकरण गर्ने सम्बन्धि सूचना

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमंन्त्री रोजगार कार्यक्रम) को मिति २०७६।०८।१९, च.नं. ७५ को पत्रानुसार **बेरोजगार सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६** बमोजिम गत आ.व. मा यस स्थानीय तहमा बेरोजगारको सूचीमा सूचीकृत हुन अनुसूची - १ अनुसार आवेदन दिएका आबेदकहरुको विवरण पूर्ण नभएकाले बेरोजगार पहिचान र प्राथमिकिकरण गर्न समस्या भएको हुँदा तपशिलमा उल्लेखित विवरणहरु उपलब्ध गराउन गत आ.व. मा बेरोजगारको सूचीमा दर्ता हुन पाँउ भनी निवेदन पेश गरेका व्यक्तिहरुका लागि पुनः सूचना प्रकाशन गरी **बेरोजगार सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६** बमोजिम विवरणहरु अद्यावधिक गराउन सबै वडा कार्यालयलाई पत्राचार गरिसकिएको हुँदा गत आ.व. मा बेरोजगारको सूचीमा समाबेश हुन पाँउ भनि निवेदन दिएका सम्पूर्ण आवेदकहरुले आ - आफ्नो वडा कार्यालयमा निम्न विवरणहरु उल्लेख गरी विव रण यथाशघ्रिअद्यावधिक गरिदिनु हुन यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

**तपशील :**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ मा उल्लेखित बुँदा १ देखी बुँदा १३ सम्म माग भएका सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख हुनु पर्ने **(बुँदामा माग भएका विवरण भएमा स्पष्ट बुझिने गरी लेख्ने र नभएमा × चिन्ह दिने)**,

२. अनुसूची १ को बुँदा नं. ७ को विवरण, बुँदा नं. ९ मा माग भएका विवरण (**एकाघरका सम्पूर्ण सदस्यहरुको नाम, ना. प्र. प. नं., जारी मिति र जिल्ला, जन्म मिति, शैक्षिक योग्यता, हाँसिल गरेको सीप, रोजगारीको अवस्था र सामाजिक सुरक्षा कोष वा अन्य निकायबाट सहायता पाए/नपाएको**), बुँदा नं. १० को बार्षिक आय वास्तविक हुनुपर्ने, बुँदा नं. ११ को काम गर्न चाहेको क्षेत्र प्राथमिकताका आधारमा स्पष्ट खुलेको हुनु पर्ने,

३. सबै आवेदकहरुको एक प्रती नेपाली नागरिकता प्रमाण पत्रको स्पष्ट बुझिने खालको प्रतिलिपि र एक प्रती पासपोर्ट साइजको फोटो अनिवार्य उपलब्ध गराउनु पर्ने,

**पुनश्चः** *माग भएका सम्पूर्ण विवरणहरु उपलब्ध गराउनु आवेदकको दायित्व हो, त्यसैले सबै सरोकारवालाहरुले वडा कार्यालयहरुमा गई विवरण अद्यावधिक गराउनु होला । अन्यथा विवरण पूर्ण नभएका आवेदकलाई बेरोजगारको सूचीमा समावेस गरी रोजगारी उपलब्ध गराउन सकिने छैन ।*

(नईन्द्रराज राई)
प्रमुख प्रशासकीय अधिकृत